परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १० ❑ अंक ३१ २०७८ फाल्गुण २९ गते आईतवार Sunday 13, MAR 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सद्पयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## अखिल नेपाल पिछडावर्गलाई सधै एमाले पार्टीको सहयोग



अखिल नेपाल पिछडाबर्ग महासंघको प्रथम मोरंग जिल्ला अधिवेशनका सहभागीहरु ।

विराटनगर । अखिल नेपाल पिछडाबर्ग महासंघको प्रथम जिल्ला अधिवेशनलाई समुद्घाटन गर्दै प्रमुख अतिथी सांसद तथा पुर्व मंत्री लालबाबु पण्डितले पिछडाबर्गको आरक्षण तथा उत्थानका लागि एमाले पार्टीको सधैं सहयोग रहने वताएको छ ।

प्रथम जिल्ला अधिवेशन सफलता पुर्वक सम्पन्न गर्न शुभकामना दिदै पिछडाबर्गको संगठन देशभरि बढाउन हाम्रो पार्टी एमाले सक्रिय भएर लाग्ने र आउँदो चुनावमा जितको सुनिश्चितता गर्न सबै मिलेर जानुपर्ने बताए ।

शुभकामना मन्तब्यको क्रममा प्रदेश सांसद तथा बिशिष्ट अतिथि बसन्ती देवि यादवले पिछडाबर्गको महिलाहरु संगठित हुनुपर्ने र महिलाकुनै पनि क्षेत्रमा कमजोर नभएको बताए ।

कार्यक्रममा आविसी अध्यक्ष जय प्रकाश महतोले अखिल नेपाल पिछडावर्ग महासंघलाई आउने दिनमा एमालेको मजबुत भातृसंगठन निर्माण गर्ने र पिछडावर्गमा पर्ने जात जाति हरुको केन्द्र र प्रदेशमा सुचिकृत गराउनेमा जोड दिदै भेदभावपूर्ण नीतिकै कारण पिछडावर्ग हरेक क्षेत्रमा उपेक्षित रहेकोले आरक्षणको व्यवस्था नभए सम्म शक्ति र सत्तामा हैसियत अनुसारको भागीदारी सम्भव नरहेको उनले प्रष्ट गरे ।

बिगत २०५५ साल देखि पिछडावर्ग (ओविसी) को हक अधिकारको लागि संघर्ष गर्दै आएको छ । २०७४ साल मंसिरमा के.पी.ओली सरकारको पालामा नेकपासंग समायोजन घोषणा भएर अखिल नेपाल पिछडाबर्ग महासंघ बनेको थियो ।

अखिल नेपाल पिछडावर्ग महासंघमा रहेको ३६ वटा जात जाति, २२ ओटा जिल्लामा संगठन बिस्तार र ६५ हजार सदस्य रहेको छ ।

सो कार्यक्रममा बिशिस्ट अतिथि रामलाल साह, मदन किशोर कामत, रामचन्द्र महतो, महेन्द्र कामत, तेज प्रसाद निषाद, बालेश्वर कामतले जिल्ला अधिवेशन सफलताको लागि शुभकामना मन्तव्य राखेका थिए । अखिल नेपाल पिछडाबर्गको जिल्ला संयोजक जयप्रकाश महतोको अध्यक्षता सम्पन्न भएको थियो ।

## विवाह वर्षगाँठमा पत्रकार उपचार कोषलाई १ लाख १ हजार सहयोग

बिर्तामोड । बिर्तामोडका शिक्षासेवी गणेशप्रसाद खनाल तथा बुध खनालले नेपाल पत्रकार महासंघ झापा शाखाले स्थापना गरेको पत्रकार सहारा उपचार कोषलाई एकलाख एक हजार रुपैयाँ प्रदान गर्ने घोषणा गरेका छन् ।

मंगलबार आफ्नो विवाहको ६० औं वर्षगाँठको समारोहमा खनाल दम्पत्तिले उक्त घोषणा गरेका थिए ।

खनाल बिर्तामोडस्थित गोमेन्द्र बहुमुखी महाविद्यालयका संस्थापक हुन् । ०१७ साल फागुन २४ गते बुध भट्टराईसंग वैवाहिक सम्वन्धमा जोडिएका खनालले ३२ वर्ष निजामति सेवामा रही अवकासपछि ०५३ सालमा गोमेन्द्र बहुमुखी महाविद्यालयको स्थापना गरेका थिए ।

उनका तीन छोरा दीपक अष्ट्रेलिया तथा रुपक र उत्तम बिर्तामोडमा अलग अलग शिक्षण संस्थाका सञ्चालक रहेका छन् ।

सहयोग घोषणा समारोहमा पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरी, बिर्तामोड ३ का वडाध्यक्ष भोजराज सिटौला,

वांकी ३ पेजमा...

## प्रदेश संचार माध्यम विधेयक स्वीकृत

विराटनगर । प्रदेश नं. १ मन्त्रिपरिषद्को शुक्रवार बसेको बैठकले प्रदेश सञ्चार माध्यम व्यवस्थापन गर्न बनेको विधेयक, २०७८ प्रदेश सभामा प्रस्तुत गर्न स्वीकृति प्रदान गरेको छ ।

मुख्यमन्त्री राजेन्द्रकुमार राईको अध्यक्षतामा बसेको बैठकले अन्य केही महत्वपूर्ण निर्णयहरू गर्दै प्रदेश लोकसेवा आयोगको ऐन, २०७६ को अनुसूची २ र ३ लाई संशोधन गर्ने प्रस्ताव समेत पारित गरेको थियो ।

## मोरंग व्यापार संघले गर्ने ट्रेड एक्सपो चैतमा

विराटनगर । मोरंग व्यापार संघले गर्ने ट्रेड एक्सपो चैत महिनाको १८ गते देखि २६ गते सम्म संचालन हुने भएको छ ।

संघले मंगलवार पत्रकार सम्मेलनको आयोजना गरी व्यापार मेला (ट्रेड एक्स्पो) बारे जानकारी सार्वजनिक गरेको छ ।

मोरंग व्यापार संघका अध्यक्ष नवीन रिजालको सभापतित्वमा आयोजित उक्त कार्यक्रममा संघका उपाध्यक्ष एवं मेला संयोजक विकास कुमार बेगवानीले सञ्चारकर्मीहरुलाई संघको आगामी ट्रेड एक्स्पो बारे जानकारी गराउनु भएको थियो ।

मुलुककै जेठो उद्योग वाणिज्य संघ एवं नेपाल उद्योग वाणिज्य महासंघको संस्थापक सदस्य यस मोरंग व्यापार संघ वि.सं. २००७ सालमा स्थापना भएदेखि नै मुलुकको आर्थिक र सामाजिक मामिलामा अग्रणी भूमिका खेल्दै आएको सर्व विदितै छ ।

संस्थाको मुख्य उद्देश्य राष्ट्रलाई औद्योगिकीकरणतर्फ उन्मुख गर्ने र उच्च मनोबलका साथ आर्थिक क्रियाकलापमा विविधीकरण गरी अधिकार, हित र व्यावसायिक मर्यादाका लागि स्वतन्त्र र स्वाभिमानी अर्थतन्त्रको निर्माण गरी उद्योग/व्यवसायीहरुको हक र हितको संरक्षण र प्रवर्द्धन गर्नु रहेको छ । यसका साथै संघले देशमा हुने प्राकृतिक प्रकोप, खेलकुद, साहित्यिक, धार्मिक, सामाजिक र मानवीय कार्यमा आर्थिक सहयोग गर्दै आएको छ भने विभिन्न सरकारी, सार्वजनिक तथा सामुदायिक पूर्वाधार निर्माणमा समेत महत्वपूर्ण योगदान पुर्याउँदै आएको प्रेस विज्ञप्तीमा उल्लेख छ ।

वांकी ३ पेजमा...

## रंगेली नगर प्रमुख वगडीयालाई हटाउन सिफारीस

विराटनगर । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले आफ्नो पार्टीबाट निर्वाचित मोरङको रंगेली नगरपालिकाका प्रमुख दिलिप बगडियालाई हटाउन निर्वाचन आयोगलाई सिफारिस गरेको छ ।

माओवादी केन्द्र प्रदेश १ का अध्यक्ष हर्कबहादुर नेम्वाङ मिक्सोले एक विज्ञप्ति जारी गर्दै बगडियाले पार्टी हित विपरीत गतिविधि गरेको र व्यवसायीक हितलाई मात्रै ध्यान दिएको भन्दै कारबाहीको लागि आयोगलाई सिफारिस गरेको वताए ।

'पार्टीको चुनाव चिन्हबाट नगरप्रमुखमा निर्वाचित भएकोले नगर प्रमुख पदबाट निष्कासन गर्न पार्टीको केन्द्रीय कार्यालय मार्फत निर्वाचन आयोगलाई सिफारिस गरिएको व्यहोरा अवगत गराउँदछौं,' जारी विज्ञप्तिमा भनिएको छ । विज्ञप्तिमा पार्टीले २०७८ साल फागुन १५ गतेदेखि लागू हुने गरी पार्टीको साधरण सदस्यबाट उनलाई निष्काशन गरेको पनि उल्लेख छ ।

'पार्टी नगर कमिटी इन्चार्जको जिम्मेवारी समेत रहेका अग्रवाल आफ्नै पार्टी कमिटीलाई क्षति पुग्ने गतिविधि गर्दै पार्टीको शक्ति र नगर प्रमुखको शक्तिलाई आफ्नो व्यवसायीक स्वर्थमा प्रयोग गर्न खोजेपछि जिल्ला पार्टी कमिटी मोरङले २०७८ वैशाखमा निजलाई

वांकी ३ पेजमा...

वांकी अन्तिम पेजमा...






क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## मोरंग...

त्यसैगरी मुलुकको आर्थिक मेरुदण्डीय उद्योग/व्यवसायको हक, हित, संरक्षण एवं यस क्षेत्रको आर्थिक गतिविधिको विकास एवं प्रवर्द्धनका लागि निरन्तर प्रयासरत रहँदै आएको यस संघले यस प्रदेशका स्वदेशी उत्पादनहरु सहित कृषि, पर्यटन, ऊर्जा लगायत अन्य सम्भावित क्षेत्रहरुको प्रवर्द्धन एवं विकासमा जोड दिनुका साथै यस क्षेत्रका आर्थिक गतिविधिहरुलाई राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा झल्काउँदै आएको छ। गतिशील एवं प्रभावशाली बनाउने उद्देश्य लिई समय समयमा यस ऐतिहासिक औद्योगिक नगरी विराटनगरमा मेला, महोत्सव, प्रदर्शनी आदि आयोजना गर्दै आएको सर्व विदितै छ।

आर्थिक क्षेत्रको गतिविधिहरुको सम्वर्द्धन एवं विकासका लागि यस संघले विगतमा कोशी महोत्सव २०५३, पूर्वाञ्चल औद्योगिक व्यापार मेला २०५७, विराट महोत्सव २०६२, विराट महोत्सव २०७०, विराट ट्रेड एक्स्पो २०१८ (२०७५) आदि भव्यताका साथ आयोजना गरी उदाहरणीय रुपले सफलता हासिल गरेको र यस क्षेत्रको उद्योग, व्यवसाय, कृषि, पर्यटन तथा सेवा क्षेत्रहरुको विकास र प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएको स्मरण गराउन चाहन्छौं।

उक्त अन्तर्राष्ट्रिय व्यापार मेला, विराट ट्रेड एक्स्पो २०१८ ले स्वदेशी तथा अन्तर्राष्ट्रिय उत्पादित वस्तुहरु सहित सबै क्षेत्रको प्रदर्शनी र प्रवर्द्धन गर्न सफला हासिल गरेको थियो भने उक्त एक्स्पोले दुई लाखभन्दा बढी दर्शकलाई आकर्षित गरेको थियो।

सोही उद्देश्यहरु अनुरुप विगतका वर्षहरु झैं यस वर्ष पनि यस संघले २०७८ चैत्र १८ गते देखि २६ गते सम्म विराटनगरमा 'मोरंग व्यापार संघ ट्रेड एक्स्पो २०२२' (अन्तर्राष्ट्रियस्तरीय कृषि, पर्यटन तथा औद्योगिक प्रदर्शनी)को आयोजना गर्ने तयारी गरिरहेको व्यहोरा सहर्ष जानकारी गराउँछौं।

कोरोना महामारीको लामो प्रभावपछिको पूर्वी नेपालमा सबैभन्दा ठूलो प्रदर्शनी र सम्मेलनको रुपमा संचालन हुन लागेको यस वृहत अन्तर्राष्ट्रिय व्यापार मेला, 'मोरंग व्यापार संघ ट्रेड एक्स्पो २०२२' ले नयाँ र विद्यमान उत्पादन र सेवाहरु प्रदर्शन गर्न, स्वदेशी र विदेशी उत्पादनहरु प्रदर्शन गर्न, बिक्री गर्न र व्यापार र लगानीको सम्भावनाहरु बारे छलफल गर्ने उत्कृष्ट थलो हुनुका साथै उत्पादक तथा वितरकहरुलाई आफ्ना उत्पादन र सेवाहरुको प्रदर्शनी एवं देश र विदेशमा आफ्नो बजार विस्तार र विविधीकरण गर्न महत्वपूर्ण भूमिका खेल्ने छ।

साथै, मोरङ-सुनसरी आर्थिक करिडोरको प्रवर्द्धन, विकास, वृद्धि र अर्थतन्त्रलाई पुनः प्राप्ति गर्ने मुख्य उद्देश्यले आयोजना गरिने उक्त मेलामा सुविधा सम्पन्न प्रविधियुक्त एसी, कुलर आदि सहितका करीब २७५ स्टल मार्फत नेपालका घरेलु, साना, मझौला तथा ठूला उद्योगहरुका अतिरिक्त मुलुकभरीका सबै प्रदेशका महत्व झल्किने कला-संस्कृति, पर्यटन, शिक्षा, स्वास्थ्य, खनीजजन्य, कृषिजन्य तथा औद्योगिक उत्पादनहरुको प्रदर्शनीका अलावा छिमेकी राष्ट्र भारत लगायत बंगलादेश, पाकिस्तान आदि देशका उत्पादित वस्तुहरुको उत्पादनकर्ता र उपभोक्ता बीच सुमधुर सम्बन्ध कायम गराइने विज्ञप्तीमा उल्लेख छ।

दर्शकहरुलाई मनोरञ्जन प्रदान गर्न विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कलाकारहरुबाट साँस्कृतिक कार्यक्रम र विभिन्न मनोरञ्जनात्मक सामाग्रीहरु समेटिनुका साथै अन्तर्राष्ट्रिय ख्यातिप्राप्त सम्पदाका नमुनाहरु ( लण्डन ब्रिज, बुर्ज खलिफा, बुर्ज अल अरब, सेन्ट वेसिल आदि) मुख्य आकर्षणहरुको प्रदर्शनी गरिनुका साथै नेपालको मेला इतिहास मै पहिलो पटक जिप लाईन, रिभर्स बन्जी, जिप साईकलिङ लगायतका साहसिक खेलकुदको अनुभव प्रदान गरिने छ भने यस मेलामा स्वदेश र छिमेकी मुलुकबाट करिब तीन लाख दर्शकको आगमन हुने अपेक्षा लिएका छौं।

स्थानीयस्तरमा आयोजना हुने जुनसुकै कार्यक्रम सफल हुनुमा स्थानीय, निजी र सरकारी सबै निकाय सहित संचारकर्मीहरुको भूमिका अत्यन्तै महत्वपूर्ण रहने गरेको छ। अतः भव्य रुपमा आयोजना हुन लागेको यस अन्तर्राष्ट्रिय व्यापार मेलाको व्यापक प्रचार प्रसार गरी यस मेलालाई ऐतिहासिक सफलता हासिल गराउन यहाँहरुको विशेष साथ र सहयोग रहने कुरामा मोरंग व्यापार संघ सहित यो मेला आयोजक समिति विश्वस्त रहेको समेत विज्ञप्तीमा उल्लेख छ।

## रंगेली...

पार्टीको विधान धारा ५७ (२) बमोजिम रंगेली नगर कमिटी इन्चार्जको जिम्मेवारीबाट निलम्बन गरी अनुशासनको स्पष्टीकरण समेत सोधि पार्टी सदस्यता खारेजीको लागि प्रदेश कमिटीलाई सिफारिस गरिएको थियो।

जारी विज्ञप्तिमा भनिएको छ, 'स्पष्टीकरणमा निजले पालिकाको कामले पार्टीमा समय दिन नसकेको र पार्टी हित विपरीत जाने आफ्नो मनसाय नरहेको भनि जवाफ दिएता पनि राजनीतिक गतिविधिमा पार्टी गोपनियता भंग गरेको, पार्टी अनुशासन नमानेको र वर्ग विरोधी क्रियाकलापमा लिप्त भएको कारण फागुन १५ बाट लागू हुनेगरी नगर पार्टी कमिटीको सिफारिस अनुसार दिलिप कुमार अग्रवाल नेकपा ( माओवादी केद्र) पार्टीको साधरण सदस्य समेत खारेजी गरी पार्टीको कुनै आधिकारिक व्यक्ति नरहेको व्यहोरा सबैमा अवगत गराउँदछौं।'

विज्ञप्तिमा बगडियाले छर्ने कुनै पनि भ्रमको पछाडि नलाग्न रंगेली नगर कमिटीका स्थानीय नेता कार्यकर्ता, शुभेच्छुक, शुभचिन्तकमा अपिल समेत गरिएको छ।

## विवाह...

बिर्तामोड ६ का वडाध्यक्ष सूर्य कन्दङवा, महासंघका कोषाध्यक्ष रञ्जित प्रसाई, कार्यसमिति सदस्य बिनोद पाण्डे, पूर्वाञ्चल दैनिकका व्यवस्थापक चन्द्रकान्त ढकाल, राष्ट्रिय उपभोक्ता मञ्च झापाका अध्यक्ष मदनगोपाल सुब्बा, युवा नेता सन्तोष उप्रेती लगायतको सहभागिता थियो।

खनालले विवाहउत्सवमा परोपकारी काम गरौं भन्ने भावनाले पत्रकारको दिगो हितमा योगदान गर्न र अरुलाई पनि सहयोगका लागि प्रेरित गर्न सहयोग गर्न लागेको बताए। महासंघ झापा शाखाले स्थापना गरेको उपचार कोष एक करोड रुपैयाँ पुऱ्याउने लक्ष्य राखिएको छ।

कोषको ब्याजबाट पत्रकारहरु बिरामी तथा दुर्घटनामा घाइते हुँदा उपचार सहयोग प्रदान गरिँदै आएको छ। कोषमा हालसम्म ५५ लाख रुपैयाँभन्दा बढी रकम जम्मा भइसकेको महासंघले जनाएको छ। कोषमा सहयोग जुट्ने क्रम जारी छ।

# शिक्षामा नयाँ नीति : प्रदेश १ सरकार

विराटनगर। वर्तमान समयमा पनि परम्परागत सिकाई हाबी भइरहेको भन्दै प्रदेश १ सरकारले सामुदायिक विद्यालयमा नयाँ सिकाइको नीति अख्तियार गर्ने भएको छ।

सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री केदार कार्कीले अझै पनि सामुदायिक तथा सरकारी विद्यालयका विद्यार्थीहरूलाई बन्द कोठा भित्र नै शिक्षा दिइरहेको भन्दै नवीन सिकाइको प्रयोग गर्नुपर्ने वताएको छ।

'सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई अव नयाँ ढङ्गको सिकाई प्रदान गर्नुपऱ्यो।खालि कोठाभित्र ल्याएर थुनेर मात्र विद्यार्थीले ज्ञान प्राप्त गर्न सक्दैन। ओखलढुङ्गाको चिसंखुगढी गाउँपालिका ४ मा जाल्पा माविको पूनःनिर्मित भवनको उद्घाटन समारोहमा उहाँले भन्नुभयो, विद्यार्थीलाई अतिरिक्त क्रियाकलापमा समेत जोड दिनुपऱ्यो।'

विद्यार्थीलाई नयाँ कुरा दिन नसके शिक्षकले जागिर खानकै लागि पढाउने तथा विद्यार्थी पास मात्रै हुने भन्दै यस प्रकारको सिकाइ तोड्न शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीले गम्भीर भएर सोच्नुपर्ने वहाँको भनाई थियो।

हुँदा खाने र हुनेखानेको शिक्षा फरक हुँदै गएकोले त्यसतर्फ ध्यान दिनुपर्ने उल्लेख गर्दै उहाँले भाषा जुन भए पनि विद्यार्थीले लिने ज्ञान समान हुनुपर्ने बताउनुभयो। विद्यार्थीमैत्री विद्यालय बनाउन निर्देशन दिँदै मन्त्री कार्कीले जीवन उपयोगी शिक्षा नै आजको आवश्यकता भएकाले शिक्षामा नयाँ नीति प्रदेश सरकारले अख्तियार गर्ने बताउनुभयो। 'विद्यालय भवन मात्रै बनेर हुँदैन। उहाँले भन्नुभयो, उपयोगी सिकाइका बारेमा सोचौं। हैन भने सामुदायिक विद्यालयका भविस्य पनि जोखिममा छ।'

उहाँले सो विद्यालयको पढाइ, अतिरिक्त क्रियाकलाप साथै शैक्षिक गतिविधिका बारेमा विद्यार्थीसङै संवाद समेत गर्नुभएको थियो।

ज्येष्ठ नागरिकको सम्मान गरौ, सभ्यताको परिचय दिऔं।

* ज्येष्ठ नागरिकलाई दया होइन सम्मान गरौं, * ज्येष्ठ नागरिकसंग भएको ज्ञान, सीप र क्षमताको उपयोग गरौं, * घर तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिक मैत्री वातावरणको निर्माण गरौं।

सभ्यताको परिचय दिऔं।

नेपाल सरकार, विज्ञापन बोर्ड



यो धुम्रपानको आदत सजिलो तरीकाले कहाँ छुट छ,,
पहिले सिग्रेट हामी फुक्छौ, फेरी सिग्रेट हामीलाई फुकि हाल्छ।

अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ।

हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क नं. ०२१- ५३६९४१

विराटनगर महानगरपालिकाको सूचना

❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं।
❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं।
❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं।
❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं।
❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ।
❒ सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं।
❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं।
❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं।
❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं।
❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
❒ बालश्रम शोषण समाजिक अपराध हो।
❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
❒ सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं।

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# उपभोक्ता हितको बारेमा सोचौं

संसारको कुनै पनि मुलुकमा उपभोक्ता विना व्यापार चल्दैन । जुन समानको बजारमा उपभोक्ताहरु खरीद गर्दैन त्यो बस्तु व्यापारीले उत्पादन गर्दैन । उपभोक्ता विना कुनै पनि व्यापार चल्दैन थाहा हुँदा हुँदै पनि जहिले पनि उपभोक्तालाई नै व्यापारीहरु ठगी रहेको हुन्छ । केही विकसीत मुलुकहरुमा खाद्यानका उपभोग बस्तुहरुमा केही त्रुटी देखिएमा त्यस्ता व्यपारीलाई सार्वजनिक रुपमै कारवाही गरिन्छ तर अविकसीत मुलुकहरुमा व्यापारीहरुले जहिले पनि उपभोक्ताहरुलाई ठगेकै हुन्छ । यदि उपभोक्ताले व्यापारी माथि उजुर वाजुर गरेमा व्यापारीसंग सरकारका कर्मचारी र नेताहरु मिलेर व्यापारीहरुसंगै पैसा खाई दिन्छ । उपभोक्ताहरु हेरेकै हेरै हुन्छ । सरकारले व्यपारी माथि कुनै करथप गरेमा अथवा रोयल्टी लिएमा व्यापरीहरुले पनि त्यो रोयल्टी उपभोक्ताहरुमै थपिदिन्छ । नेपालका सर्न्दभा भन्दा यहाँका व्यापारीहरुले अत्याधिक मात्रमा उपभोग वस्तुहरुमा मिसावट गरी उपभोक्ताको हातमा पुऱ्याउँछ । त्यसलाई निगरानी गर्ने निकायहरु पनि छन् । तर ती निकायहरु नै व्यापारीको निगहामा चल्दछ । उपभोक्ता हक हितको लागि विभिन्न संघ संस्थाहरु खुलेको छ । तर ती संघ संस्थाहरु व्यापारीकै भरीया बनेको छ । जसले गर्दा हामी आम उपभोक्ता जहिले पनि ठगीमा परेको हुन्छ ।

व्यपारीले सरकारले मुल्य वृद्धि गर्न वितिकै सरकारले गरेको वृद्धि मुल्यको दोव्वर रकम वृद्धि गरेर उपभोग बस्तुहरुमा नयाँ लेवलिङ्ग गरेर विक्री वितरण गरेको प्रसस्तै पाईन्छ । जवकि सस्तो मुल्यमा किनेको बस्तु महगोमा व्यपारीले बेचेको हुन्छ तर सरकारले कुनै कारवाही गर्दैन सरकारले पनि बस्तुहरुमा विभिन्न थरीको कर लगाएर । उपभोक्तालाई बस्तुहरुमा सुविधा दिएर घाटामा वेचेको डंका पिट्दछ । अहिलेको पेट्रोलिय पदार्थ, ग्यासमा ११ किसिमको कर सरकारले उठाएर अनि विक्री गर्दा सस्तोमा दिएको भन्दछन् यो पनि एक किसिमको ठगी नै हो । नेपाल जस्तो गरीब देशहरुको उपभोक्ताहरु जहिले पनि सरकारले पनि ठगेको हुन्छ र व्यपारीले पनि ठगेको हुन्छ । जव कि यी दुवैको दाल रोटी उपभोक्तावाट चलेकै हुन्छ ।

त्यसैले हामी उपभोक्तहरु व्यपारी र सरकारको ठगीवाट बच्नको लागि आम उपभोक्ता सचेत हुन आवश्यक छ । आम उपभोक्ताहरुले खाद्य्य लगायत अन्य वस्तुमा मिसावट देखिएमा वा सरकारले लगाएको कर भन्दा केही प्रतिशत फाईदा भन्दा वढी फाईदा लिने व्यपारीलाई हामी उपभोक्ताले नै सार्वजनिक कारवाही गर्नु पर्छ । जसको लागि हामी उपभोक्ताहरुमा एकताको आवश्यकता छ । हामी उपभोक्तामा एकता भएमा मात्र हामी ठगीनवाट जोगिन सक्छौ । एउटा काहवत छ घर फुटे गवार लुटे त्यसै हामी उपभोक्तामा एकता नभएर हामी सम्पुर्ण उपभोक्ताहरु अखाद्य्य वस्तुहरु खान वाध्य भएका छौ । अवका दिनहरुमा उपभोग वस्तुहरुको जाँच गरौ केही खरावी भएमा त्यसमा सामाजिक रुपमा सार्वजनिक गरौ । अखाद्य्य वस्तु विक्री वितरण गर्ने व्यपारी वा सरकारी सुपथ मुल्यको पसल संचालकहरुलाई सार्वजनिक ठाउँमा आम उपभोक्ताहरुले देखिने ठाउँमा कारवाही गरौ । आम उपभोक्तहरुले यस्तो गरेमा अवश्य मिसावट युक्त वस्तुहरु विक्री वितरणमा कमी आउने छ । यस तर्फ सवैले विचार गर्न जरुरी छ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) **:सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

# निर्वाचन भड्किलो भए स्थानीय तह वित्तीय जोखिममा पुग्छ

सुवासचन्द्र सिवाकोटी

नेपालका स्थानीय तहहरू अहिले दुई प्रमुख कानूनका आधारमा चलेका छन् । नेपालको संविधान, अर्को त्यही संविधान अनुसार बनेको स्थानीय सरकार सञ्चालन ऐन । नेपालको संविधानमा व्यवस्था भएको संघीयताको स्वरुप समन्वयात्मक स्वरुपको मोडेल हो ।

अहिले कतिपय नीतिगत तहमा हेर्दा यो दृष्टिकोणमा ध्यान पुगेको देखिँदैन । अझ वित्तीय दृष्टिकोणबाट हेर्दा समन्वयात्मक मोडेलको बुझाई नै कम भएको हो कि भन्ने लाग्छ । तीनवटै तहका सरकारमा रहेकाहरूसँग म छुट्टै हो, अर्को पनि छुट्टै राज्य हो, झन अर्को त छुट्टै हो भन्ने सोच संघीय तहदेखि स्थानीय तहसम्म व्याप्त छ ।

वित्तीय सवालमा चै संघीय सरकार 'प्रदेश र स्थानीय तह मनलाग्दी गर्छन, यिनीहरूलाई लगाम लगाउनुपर्छ, रोक्नुपर्छ' भन्ने मनस्थितिमा छ । उ 'यिनीहरू ट्र्याकबाहिर गए, यिनीहरूले खराबमात्रै गर्छन' भन्ने सोचबाट चलेको देखिन्छ ।

त्यसैले माथिल्लो तहमा नियन्त्रणमुखी सोच ज्यादा देखिन्छ । यस्तै स्थानीय तह चै हामीले स्वतन्त्र भै काम गर्न पाउनुपर्नेमा किन माथिको निर्देशन मान्ने वा हामीले जे पनि निर्णय गर्न पाउछौं भन्ने सोचमा हिडिरहेको जस्तो देखिन्छ ।

हामीले पछिल्लो साढे चार वर्ष स्थानीय तहप्रति वित्तीय रुपमा अविश्वास गरेर नै बितायौं । अर्कोतर्फ वित्तीय व्यवस्थापनका दौरान कस्तो क्षमता विकास हुनुपर्ने थियो भन्ने विषयमा निकै कम प्राथमिकता दियौं ।

तीनवटा विषयसँगै नगई वित्तीय व्यवस्थापन हुँदैन । पहिलो विषय अधिकार हो । मूल कानूनले तीनवटै तहलाई एकल र साझा अधिकार दिएको छ । साथसाथै त्यसलाई रुपान्तरण गर्ने कानून पनि आवश्यक पर्ने नै भयो । रुपान्तरण गर्ने हालका कानूनमा तीनवटा कानूनको विशेष महत्त्व रहेको देखियो ।

संविधानमा भएको व्यवस्था अनुसार कार्यान्वयनका लागि महत्त्वपूर्ण कानून स्थानीय सरकार सञ्चालन ऐन रहेको देखिन्छ, जसले स्थानीय सरकारलाई मूल रुपमा दिशानिर्देश गर्छ ।

यस्तै अर्को हो अन्तर सरकारी वित्त व्यवस्थापन ऐन । जसले तहगत सरकारहरूबीच सम्बन्ध व्यवस्थापन गरेको रहेछ । तेस्रो आर्थिक कार्यविधी कानून आवश्यक पर्छ । सबैभन्दा बढी खाडल आर्थिक कार्यविधी कानूनमा देखियो ।

संविधानमा आर्थिक कार्यविधी कानूनवारे स्पष्ट व्यवस्था छ । धारा ५९ मा आर्थिक अधिकारको प्रयोगको बारेमा उल्लेख छ । जस अनुसार अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले यो यो काम यसरी गर्नुपर्छ भनेर सुक्ष्म व्यवस्थापन गरेको छ ।

संविधानले तीनवटै तहको आर्थिक प्रणाली एकरुपको हुने गरी व्यवस्था गरेको छ । त्यस्तो एकरुपताको सन्देश दिने कानून अन्तर सरकारी वित्त व्यवस्थापन ऐन हो । भोलि हामीले यसमा पुर्नसंरचना गर्न खोज्यौ भने पनि मुख्य सुधार त्यहीबाट सुरू गर्नुपर्छ ।

अहिले क्षमता अलि कम भएको र विश्वास पनि कम भएको अवस्थामा स्थानीय तहहरू सञ्चालन हुदै आएको देखिन्छ । अहिले तहगत सरकारको अवस्थाबाट हेर्दा अधिकांश स्थानीय सरकारका वित्तीय कारोवार वा आर्थिक कारोवारमा त्यत्रो प्रश्न गरिहाल्नुपर्ने अवस्था छैन ।

हाल देखिएका कमजोरीहरू मूलतः क्षमता र संरचनाको कमीका कारणले सिर्जना भएका हुन् । तीन तहको सरकारहरूलाई हेर्दा त बरु स्थानीय तहमा पो जनताको अलि नजिकबाट निगरानी भएको देखिन्छ ।

स्थानीय तहका तीनवटा स्रोत छन् । एउटा आन्तरिक स्रोत हो । दोस्रो, अन्तर सरकारी वित्त हस्तान्तरण हो । ऋण व्यवस्थापन तेस्रो स्रोत हो । आन्तरिक स्रोतको परिभाषा र शैली फरक हुन्छ । अहिलेसम्म स्थानीय तहमा ऋण परिचालन भएको नै छैन ।

नगर विकास कोषबाट रकम परिचालन भएको विषयलाई कतिपयले ऋण भनेर बुझेका छन् । तर, गम्भीरतापूर्वक हेर्ने र त्यसको चरित्र अध्ययन गर्ने हो भने त्यो ऋण भन्दा पनि शसर्त अनुदानको एउटा स्वरुप रहेछ भनेर बुझ्न सकिन्छ ।

स्थानीय तहको महत्त्वपूर्ण स्रोत वित्तीय हस्तान्तरण नै हो । अहिले स्थानीय सरकारहरू चलेकै वित्तीय हस्तान्तरणको स्रोतबाट हो । यसलाई पनि तीनवटा विधामा राखेर हेर्दा उपयुक्त हुन्छ :

एउटा, समानीकरण अनुदान ।

दोस्रो, शसर्त अनुदान ।

तेस्रो, विशेष र समपूरक अनुदान ।

नतिजाको दृष्टिकोणले हेर्ने हो भने अहिले सञ्चालित शसर्त अनुदान अनि विशेष वा समपूरक अनुदानको चरित्र खासै भिन्न छैन । तर, संविधान र सिद्धान्त अनुसार विशेष र समपूरक अनुदानको उद्देश्य फरक हो । विशेष अनुदानलाई समेत शसर्त अनुदानकै शैलीमा बाडिरहेको देखिन्छ । विशेष वा समपूरक अनुदानका नाममा यसरी योजना बाढ्नु उचित होइन ।

कुनै योजना छनौट गरेर संघीय तहबाट अनुदान दिन शसर्त अनुदान छदैछ । किन विशेष अनुदान चाहियो र ? खास प्राथमिकताका कार्यका लागि स्रोत नभएर वा अन्य कुनै पनि कारणले काम गर्न स्थानीय तहहरू इच्छुक भएनन् वा उनीहरूको ध्यान पुगेन भने त्यहाँ विशेष अनुदानमार्फत काम गराउनुपर्ने हुन्छ । यो सोचका साथ कानून र व्यवहार हुनु आवश्यक छ । अहिले पनि भागवण्डाका रुपमा योजना र स्रोत बाड्ने प्रवृति व्याप्त छ ।

२०४९ सालको तुलनामा २०५४ मा निर्वाचित जनप्रतिनिधिले राम्रो काम गरेका थिए । २०७४ र ०७९ को निर्वाचनलाई हामी त्यसैगरी तुलना गरेर हेर्न सक्छौं । त्यसैले आगामी निर्वाचनमा जनप्रतिनिधिलाई इमान्दारीपूर्वक निर्वाचित हुने वातावरण बनाइदिनु अहिलेको आवश्यकता हो ।

अवधारणागत रुपमा अहिले हामीले दुई प्रकारका अनुदान मात्रै परिचालन गरेका छौं । नाम जे दिए पनि एउटा समानीकरण अनुदान र अर्को शसर्त अनुदान ।

समानीकरण अनुदान भनेको सूत्रमा आधारित अनुदान हो । यसले वित्तीय खाडल परिपूर्ति गर्छ । राजस्व उठाउने क्षमता कमजोर हुने स्थानीय तहको आवश्यकता र स्रोतको परिपूर्तिका लागि यसले सहयोग गर्छ भन्ने अवधारणा हो ।

हामीले धेरै पहिलेदेखि स्थानीय तहमा न्यूनतम शर्तको पालना र कार्यसम्पादन क्षमताका आधारमा अनुदान दिने परिपाटीको विकास गरिसकेका छौं । न्यूनतम शर्तको पालनापछि कार्यसम्पादनको आधारमा सूत्र बनाएर अनुदान दिन थालेको इतिहास छ ।

अहिले पनि वित्त आयोग यही दिशामा अगाडि बढेको देखिन्छ । वित्त आयोगको सिफारिसमा वित्तीय समानीकरणको अनुदान सरकारबाट हस्तान्तरण हुनुपर्छ । यसमा शर्त तोकिनु हुँदैन । बरु यसमा समयक्रम अनुसार सूत्र व्यवस्थित गर्ने परिपाटी अपनाउँदै जान सकिन्छ ।

शसर्त अनुदानमा परनिर्भरता देखियो । शसर्त अनुदानमा तहगत सरकारहरूका बीचमा असाध्यै अविश्वासको वातावरण छ । तल्लो र माथिल्लो तहको सरकारबीच अविश्वासले गर्दा योजना कार्यान्वयनमा निकै खाडल देखियो । त्यसका लागि संविधानले परिकल्पना गरेको समन्वयकारी स्वरुपलाई अझै क्रियाशिल बनाउनुपर्छ ।

वित्तीय परिनिर्भरता

धेरै पहिलेदेखि नै काठमाडौं महानगरपालिकाले न्यूनतम शर्त पूरा गरी कार्यसम्पादन मापनबाट अतिरिक्त अनुदान लिन खासै रुची राख्ने गरेको थिएन । किनभने कागजात पुऱ्याउन यति मेहनत गर्नुपर्ने थियो कि त्यसको तुलनामा सरकारले दिने अतिरिक्त अनुदान निकै कम थियो ।

२०७० सालमा काठमाडौं महानगरपालिकाको वित्तीय सुशासन निकै कमजोर थियो । अहिले खर्चको विषयमा केही सुधार भए पनि राजस्व र सेवाको सवालमा हेर्ने हो भने कमजोर नै छ । अझ नक्सापासको दृष्टिकोणबाट हेर्ने हो भने त धरापमा परेको अनुभूति हुन्छ ।

नक्सापासको सवालमा त देशभरका नगरपालिकाको अवस्था यस्तै हो । यातायात कार्यालयमा दलालीकरण भएको छ, त्यसैगरी मालपोतमा लेखन्दासका नाममा त्यो समस्या ज्यूदै छ । त्यही रुपमा नगरपालिकाहरूमा नक्सापासका लागि कन्सल्टेन्सी फर्मका नाममा देशभर दलालीकरण भइरहेको छ ।

यो दलालीकरणको नयाँ रुप हो र नगरपालिकाहरूको राजस्व

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## मोटर साईकल चोरीमा संलग्न भएको आरोपमा ६ पक्राउ



झापा । मोटरसाईकल चोरीमा संग्लग्न रहेका १ जना भारतिय नागरीक सहित ६ जनालाई जिल्ला प्रहरी झापाले पक्राउ गरी सार्वजानिक गरेको छ ।

पक्राउ पर्नेहरुमा भद्रपुर नगरपालिका वडा नं. ७ का २१ बर्षीय प्रकाश सहनी, २४ बर्षीय प्रकाश दर्जी, २१ बर्षीय दिपक उराव, २२ बर्षीय दिपेश राजवंशी, भद्रपुर नगरपालिका वडा नं. १ का ३० बर्षीय बिर्ख लिम्बु र भारत किसनगंजका १९ बर्षीय महम्मद समिम रहेका छन् ।

झापा जिल्लाका बिभिन्न स्थानहरुबाट मोटरसाईकल चोरीको घटना भएको भनी सवारी धनीहरुको लिखित निबेदन परेसंगै चोरी गर्ने व्यक्तिहरुको सुक्ष्म रुपले निग्रानी तथा पहिचान गर्दै क्रममा प्रकाश सहनी भन्ने व्यक्तिले मोटरसाईकल चोरी गरी बिक्री बितरण गर्ने गरेको भन्ने गोप्य सूचनाको आधारमा निजलाई पक्राउ गरिएको थियो ।

सहनीले दिएको बयानका आधारमा चोरीमा संग्लग्न अन्य ५ जनालाई समेत पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

मानीस पक्राउ परेसंगै उनीहरुले बिभिन्न समयमा बिभिन्न स्थानबाट चोरी गरेका ७ थान मोटरसाईकल समेत बरामद भएको र घटना सम्बन्धमा अन्य थप अनुसन्धान भईरहेको उक्त कार्यालयले जनाएको छ ।

## हत्याको आरोपमा एक पक्राउ

झापा । झापाको मेचीनगर नगरपालिका वडा नं. ५ पिपलडाँडा चौकको बाझो खेतमा फाल्गुन २५ गते मृत फेला परेकी स्थानीय ६८ बर्षीया अम्बिका कुँवरको हत्याको आरोपमा १ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

फाल्गुन २५ गते बेलुकी ४ बजे घाँस काट्न गएकी कुवँर साँझ सम्म घर फर्की नआए पछि निजको श्रीमान जगत कुवरले खोजतलास गर्दै जाँदा घर देखि २०० मिटर टाढा रहेको बाँझो खेतमा राती पौने ८ बजे मृत अवस्थामा फेला पारेको थियो ।

घटना बारे प्रहरीलाई खवर प्राप्त हुनासाथ तत्काल घटनास्थलमा पुगेको जिल्ला प्रहरी कार्यालय झापा, इलाका प्रहरी कार्यालय काँकरभिट्टा र संघिय प्रहरी ईकाई कार्यालय धरान डग शाखाको तालिम प्राप्त कुकुर सहितको प्रहरी टोली परिचालन भई घटनाको अनुसन्धान गरेको थियो ।

अनुसन्धानको क्रममा मेचिनगर नगरपालिका वडा नं. ५ का २७ बर्षीय रण बहादुर बस्नेतलाई नियन्त्रणमा लिएको थियो । मृतक लाशको कानुनी प्रकृया पुरा गरी पोष्टमार्टमको लागी स्वास्थ्य बिधिबिज्ञान प्रगोगशाला धरान सुनसरी पठाईएको थियो ।

पक्राउ परेका बस्नेतको सम्मानित झापा जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।


## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

जहदा गाउँपालिका मोरंग प्रदेश नं. १


**क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु । सम्पादक**

# अर्थ व्यापार, समृद्धिका लागि बीजटक प्रभावकारी

विराटनगर । मुलुकको अर्थतन्त्र जर्जर बन्दै गएको चौतर्फी महसुस गरिएको छ । देशको अर्थतन्त्र चलायमान बनाउन अस्पष्ट सरकारी नीति, योजनाका कारण उद्योग देखि वित्तीय क्षेत्र संकटग्रस्त बन्न थालेको छ । लगानी बढी र निक्षेप कम रहेको भन्दै बैंकले तरलता अभाव देखाउँदै कर्जा प्रवाह रोकेको छ भने व्याजलाई चर्काउँदै लगेको छ । उद्योग, व्यापार व्यवसायको लागि अनुकूल स्थिति हुनुपर्नेमा विभिन्न कारणले भयावह स्थितिको सिर्जना हुँदै जाँदा पनि सरोकारवाला निकाय समस्या निरुपणमा खासै उत्साहित देखिएका छैनन् ।

बैंक तथा वित्तिय संस्थामा तरलता अभावका कारण उद्योग, व्यवसाय लगायतको क्षेत्रमा व्यापक असर परेको छ । व्यापार, व्यवसायको संचालनमा कठिनाई दिनानुदिन बढ्दो छ । यसको अभावलाई समयमा नै सम्बोधन गर्न नसके आउँदा दिनहरुमा आर्थिक सुचकांक अझ ओरालो लाग्ने निश्चित झैं बनेको छ । तरलता अभावका कारण नयाँ उद्योगहरु स्थापना हुन नसक्नु, बैंकले लगानी र ऋण रोक्दा भएका उद्योगहरु पनि कच्चा पदार्थको अभावका कारण संचालन हुन कठिन बन्दै गएको छ । तरलता अभावको कारण देशको अर्थतन्त्रमा परिरहेको अवरोधबाट कसरी छुटकारा पाउन सकिन्छ र अर्थतन्त्रलाई चलायमान बनाउन सकिन्छ भन्ने विषयमा विराटनगरमा सोमबार मोरंग व्यापार संघको समृद्धि हलमा एकदिने विजटक अर्थ व्यापार संवाद समृद्धिका लागि विषयक बीज टकको आयोजना गरिएको थियो ।

बीज टकमा तरलता अभावले अर्थतन्त्रमा सिर्जना गरेको अवस्था र यसबाट पार पाउने उपायका बारेमा गहन मन्थन, छलफल वाट प्राप्त अमूल्य सुझावलाई समेटी आर्थिक तरलताको अभाव संवाद कार्यक्रमवाट आएका यथार्थपरक समस्या र समाधानका उपायहरुलाई समेटी आगामी दिनमा सरकारका संवन्धित निकायहरुलाई दिशानिर्देश गर्ने अभिप्रायले थालनी गरिएको थियो ।

सो क्यास क्रन्च कार्यक्रममा मोरंग व्यापार संघका अध्यक्ष नविन रिजालले तरलता अभावको कारण देखाउँदै बैंकहरुले ऋण प्रवाह रोकेको, व्याजदरमा वृद्धि गरेको हुँदा उद्योग व्यापार र व्यवसाय संचालन गर्न अप्ठेरो परेको वताउँदै वहाँले जनशक्तिको कमी, ब्यांकको मनोमानी र सरकारको अदुरदर्शी नितीका कारण उद्योग, व्यापार र कारोबार क्षेत्र धरासायी बन्दै गएको धारणा व्यक्त गरका थिए ।

बीजटकमा अर्थशास्त्री डा. भेषप्रसाद धमला, प्राडा पि.के झा र प्राडा वेदराज आचार्यले तरलता अभावको प्रमुख कारण सरकार र नेपाल राष्ट्र बैंकको अदुदर्शी र अस्पष्ट नीति नै जिम्मेवार रहेको धारणा राखेका थिए ।

बीजटकमा धारणा राख्दै अर्थशास्त्री डा. भेषप्रसाद धमलाले देशको जनशक्ति विदेश पलायन हुनमा सरकार नै उद्धत रहेको र जनशक्ति अभावका कारण उत्पादनमा असर पुगेको बताउनु भयो । वहाँले बैंकको व्याजदर अत्याधिक वृद्धि हुँदा उत्पादनमा समेत असर पुगेको बताउनु भयो । वहाँले भन्नुभयो, देशलाई चाहिने आवश्यक जनशक्तिलाई विदेश पलायन हुन बाध्य पारेर देशको विकास हुन सक्दैन ।

दक्ष जनशक्ति विदेश गए केहि सिकेर आउने र त्यहाँको सीप उत्पादकत्व क्षेत्रमा लगाउँदा अर्थतन्त्र चलायमान हुने मद्दत पुग्ने तर अदक्ष र अर्धदक्ष जनशक्ति खाडीको तातोमा श्रम बेचेर पसिना बगाउन बाहेक केहि पनि गर्न नसक्ने बताउनु भयो । अर्थशास्त्री डा. धमलाले मोरंग व्यापार संघले बीजटकको आयोजना गरेर एउटा आयामको थालनी गरेको भन्दै यस्ता खाले कार्यक्रमको आयोजनाले नेतृत्ववर्गको लागि मार्गनिर्देशनको काम गर्ने बताउनु भयो ।

उहाँले अर्थतन्त्रलाई चलायमान बनाउन करको दायरामा कटौती गर्नुपर्ने, नयाँ नयाँ शीर्षक खडा गरेर कर संलकन गर्ने कार्यलाई निरुत्साहित गर्नु पर्नेमा जोड दिनु भयो । अर्थशास्त्री डा. धमलाले नेपालको आधाभन्दा बढी जनसंख्या कृषिमा आधारित रहेकोले कृषिजन्य उत्पादन र उत्पादकत्वलाई सरकारले पहिलो प्राथमिकतामा राख्नु पर्ने बताउनु भयो । डा. धमलाले नेपालका लागि आवश्यक पर्ने जनशक्तिलाई दक्ष बनाएर वस्तु र सेवाको प्रवाहलाई वृद्धि गर्नुपर्नेमा जोड दिनु भयो । डा. धमलाले देशको अर्थतन्त्रलाई आयातमुखी नबनाई स्वदेशमा उत्पादन भएका वस्तुलाई निर्यात लायकको बनाएर राजश्व वृद्धि गर्नुपर्नेमा जोड दिनुभयो ।

प्यानेलिष्ट प्रा.डा. पिके झाले नेपालका आर्थिक निती निर्दयी बन्दै गएको बताउनु भयो । उहाँले विनियोजित बजेटको अधिकांश हिस्सा अनुत्पादन क्षेत्रमा खर्च हुने गरेको भन्दै उत्पादनमुखी क्षेत्रमा लगानी बढाउनु पर्नेमा जोड दिनुभयो । राष्ट्र बैंकपनि बजारमा तरलता अभावमा दोषी रहेको भन्दै राष्ट्र बैंकले तरलता अभावको जवाफदेहिता लिनुपर्ने माग गर्नुभयो । दिगो विकासको मरुदण्डनै उद्यमशीलता रहेको भन्दै नयाँ नयाँ प्रविधिको प्रयोग गर्दै उद्यामशीलतालाई संस्थागत गर्नु पर्ने भन्नुभयो । वहाँले फुस्रो नारा लगाएर मात्र बजेटको सहि ठाउँमा कार्यान्वयन हुन नसक्ने भन्दै जेका लागि बजेटको घोषणा भएको हो त्यसैमा बजेटको अक्षरस: कार्यान्वयन गर्नुपर्ने बताउनु भयो । प्राडा. झाले उद्योग, व्यापार र व्यसाय क्षेत्र कुन र कस्तो संकटग्रस्त ठाउँमा उभिएको छ भन्ने बारेमा सरकार जानकार नरहेको भन्दै आक्रोश पोख्नुभयो । उहाँले ठूलाभन्दा साना उद्योगलाई प्राथमिकतामा राखेर कार्य अगाडि बढाए उद्यमशीलता स्थापित हुने बताउनु भयो । वहाँले उद्यमशीलताले तरलता अभावलाई नियन्त्रण गर्ने भन्दै सरकारले उद्यमशीलता विकासका लागि उद्योग र उद्योगी अनि व्यापार र व्यवसायीको हित हुने गरी निती निर्माण गर्नुपर्नेमा जोड दिनुभयो ।

प्रा.डा.झाले नेपाल राष्ट्र बैंक पनि उद्योगी व्यवसायीभन्दा बैंकका मनोमानी कारोबारलाई संरक्षण दिन लागीपरेको भन्दै तरलता अभावको समस्या सिर्जना भएको बताउनु भयो । स्वदेशी प्रविधिलाई प्राथमिकता दिएर कच्चा पदार्थको नाममा विदेशिने पुँजीलाई मुलुकमा नै चलायमान बनाउनु पर्ने बताउनु भयो । अर्का पेनलिष्ट प्रा.डा. वेदराज आचार्यले नेपालमै पहिलो पटक मोरंग व्यापार संघले बीजटकको आयोजना गरेर अर्थतन्त्र चलायमान बनाउने विषयमा अर्थशास्त्री समेतको विचार राख्न मञ्च प्रदान गरेको मा संघ प्रति कृतज्ञता आभार व्यक्त गर्नु भयो ।

उनले स्वदेशको रकम स्वदेशमा नै परिचालन गर्न स्वदेशमा पाइने कच्चा पदार्थलाई उपयोग गर्र्ने उद्योग स्थापनामा प्राथमिकता दिनु पर्ने बताउनु भयो । उहाँले संसारकै गरिब र अति विपन्न मुलुक इथोपीयाले आज विकासोन्मुख राष्ट्रको दर्जा पाइसकेको बताउँदै व्यापक श्रोत र साधन हुँदाहुँदै नेपालको अर्थतन्त्र दुरावस्थामा पुग्नु खेदको विषय रहेको बताउनु भयो । वहाँले निर्णायकर्ताहरु कमजोर भएको र हित अनुसारको निर्णय लिनुपर्नेमा स्वार्थ अनुकुलको निर्णय लिंदा हालको समस्या उत्पन्न भएको बताउनु भयो ।

प्रा.डा. आचार्यले देशको हरेक तह र तप्कामा विगत देखिका सरकार संस्थागत सुशासनमा चुकेको बताउनु भयो । शिक्षा, स्वास्थ्य जस्ता प्रत्यक्ष जनसरोकारका क्षेत्रलाई नियन्त्रण र नियमन गर्न सरकार निरिह बनेको डा.आचार्यले बताउनु भयो । वहाँले राजनीति गर्ने व्यक्ति समाजसेवामा प्रतिवद्ध नहुँदा विविध क्षेत्रमा समस्या उब्जिएको बताउनु भयो । राष्ट्र बैंकको निती र नियमन सही नभएको हुँदा तलरता अभावको समस्या सिर्जना भएको डा .आचार्यले तर्क गर्नुभयो । वहाले किन, बैंकले अधिकार मात्रै खोज्ने गरेको तर कर्तव्यबाट विमुख बन्दै गएको ? भनी प्रश्न गर्नुभयो । अर्थतन्त्रको समस्यालाई तत्काल, मध्यकाल र दीर्घकालीन रुपमा नै समाधानका बाटाहरु पहिल्याउनु पर्दछ । दीर्घकालमा हेर्ने हो भने हाम्रो अर्थतन्त्रको प्रमुख समस्या नै उत्पादन र उत्पादकत्व निकै कमजोर हुनु हो । हामीले दीर्घकालीन रुपमा अर्थतन्त्रको समस्या समाधान गर्नु छ भने दुबै बढाउनु पर्ने हुन्छ । त्यसकालागि लगानीको वातावरण तयार गर्न विज्ञ सहितको टोलीवाट निष्पक्ष रुपमा अध्ययन र विश्लेषण गर्दै वास्तविक वस्तुस्थितिको मापन गरी तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरीनु पर्ने धारणा प्रा.डा. आचार्यले राख्नुभयो ।

उक्त कार्यक्रमलाई सारगर्भित रुपमा संयोजन गर्र्दै डा. सन्देश




दास श्रेष्ठले मोरंग व्यापार संघको नेतृत्वमा यो नौलो किसिमको कार्यक्रमको आयोजना गरिएको र यस प्रकारको कार्यक्रमले सरकारका संवन्धित निकायहरुलाई आगामी दिनमा पथप्रदर्शका रुपमा कार्य गर्नुकासाथै हालको मुलुकको अर्थतन्त्रलाई सबल बनाउन सरकारलाई समेत घच्घच्याउन मद्दत पुग्ने विश्वास लिएको विचार व्यक्त गरेका थिए ।

बीजटकमा संघका उपाध्यक्ष विकास वेगवानी, महासचिव अनिल सारडा, का.का. सदस्य अमित सारडा लगायतले अर्थ सरोकारका बारेमा प्यानलिष्टसँग विभिन्न जिज्ञासा राख्नु भएको थियो । वहाँहरुले, बजारमा तरलता अभाव कम गराउने दिशामा बीजटक फलदायी भएको बताउनु भयो । यस्तै कार्यक्रमका सम्पूर्ण सहभागीलाई धन्यवाद दिँदै यस्ता कार्यक्रम निरन्तर आयोजना गर्ने प्रयासमा रहने कार्यक्रम संयोजक ओम शर्माले बताउनु भयो । सरकारलाई दिशानिर्देश गर्ने गराउने अभिप्रायले बीजटक जस्ता कार्यक्रमको थालनी गरिएको संयोजक शर्माले बताउनु भयो । संघका उपाध्यक्ष विकास वेगवानी, महासचिव अनिल सारडा लगायतका पदाधिकारी द्वारा बीज टकका सहभागीहरुलाई मायाको चिनो प्रदान गरेको थियो ।



# पूर्वाञ्चल क्रिकेट क्लव फाईनलमा

विराटनगर । पूर्वाञ्चल क्रिकेट क्लब विराटनगरमा जारी इन्डो-नेपाल टि-२० 'मिल्स कप क्रिकेट' प्रतियोगिताको फाइनलमा पुगेको छ ।

मिल्स क्रिकेट क्लव एण्ड एकेडेमीको आयोजनामा विराटनगरस्थित जुटको खेल मैदानमा शुक्रबार भएको पहिलो सेमिफाइनल खेलमा एमसिसी 'ए' क्रिकेट क्बल विराटनगरलाई ३९ रनले हराउँदै पूर्वाञ्चल फाइनलमा पुगेको थियो ।

पूर्वाञ्चलले दिएको २ सय ४ रनको लक्ष्य पछ्याएको एमसिसी 'ए' ले १८ दशमलप १ बलमा १६४ रन बनाउँदा अलआउट भएको थियो । एमसिसी 'ए' सन्तोष कार्कीले १९ बलमा २४ रन र तिर्थ राज दासले ३० बलमा ३३ रन जोडेका थिए ।

पूर्वाञ्चलको जितमा अजय राजवंशीले उत्कृष्ट प्रर्दशन गरेका अजयले ४ विकेट हात पारेको थियो । श्रर्वण यादव र मन्जित श्रेष्ठले समान २/२ विकेट लिएका थिए ।

यसअघि टस हारेर ब्याटिङ पाएको पूर्वाञ्चलले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर २०३ रनको बिशाल योगफल खडा गरेका थिए । एमसिसी 'ए' विरुद्ध पूर्वाञ्चलका सोनु अन्सारीले अर्धशतक कटाउदै उनले ३९ बलमा अर्धशतक कटाउँदै ७३ रनको इनिङ खेले । अर्धशतक कटाउँदा सोनुको ब्याटबाट ६ छक्का र ८ वटा चौका निकालिएको थियो ।

पूर्वाञ्चलका सिद्धार्थ लोहनीले ४४ रनको योगदान गर्दै उनको ब्याटबाट ६ छक्का र १ चौका प्राप्त भएको थियो । अलराउण्ड प्रर्दशन गरेका पूर्वाञ्चलका मन्जित श्रेष्ठले ४७ जोडको थियो ।

विस्फोटक ब्याटिङ गरेका अर्न्तराष्ट्रिय खेलाडी समेत रहेका श्रेष्ठको ब्याटबाट ३ छक्का र ५ चौक्का हासिल भएको थियो । उनले बलिङमा पनि २ विकेट हात परेका थिए ।

एमसिसी 'ए' का बुलन सहनी र महबुन आलमले समान ३/३ विकेट लिएका थिए । पूर्वाञ्चललाई फाइनल यात्रा पुऱ्याउन उत्कृष्ट खेल प्रर्दशन गरेका अजय राजवंशी म्यान अफ द म्याच घोषित भएका थिए ।

# निषिधित औषधी सहित पाँच पक्राउ

झापा । झापाको छुट्टाछुट्टै २ स्थानबाट निषेधित औषधी सहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

बुधवार वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले भद्रपुर नगरपालिका वडा नं. ५ नँया बजार स्थितमा चेकजाँचको क्रममा बारा निजगढ नगरपालिका वडा नं. ९ का २६ बर्षीय प्रकाश खुलाल र बझाङ सुर्मा गाउँपालिका वडा नं. ३ का २२ बर्षीय संजिव बोहरालाई नाईट्राजेपाम- ४५० ट्याबलेट र ट्रामाडोल १६ क्याप्सुल सहित नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी अर्जुनधारा नगरपालिका वडा नं. ११ स्थितमा अस्थायी प्रहरी बिट नयाँ बसपार्क बिर्तामोडबाट खटिएको प्रहरी चेकिङ टोलीले प्रदेश १-०१-००२ ह १०१ नम्बरको अटो ट्याम्पोलाई चेकजाँच गर्ने क्रममा अटो चालकको सिट मुनि लुकाइ छिपाइ राखेको लुपिजेसिक-२०० एम्पुल, एबट-२०० एम्पुल, डाईजेपाम-२०० एम्पुल र नाईट्राभेट ३०० ट्याब्लेट बरामद गरेको थियो ।

अटोचालक भद्रपुर नगर पालिका वडा नं. १ का २३ बर्षीय सुमन मिश्र, अटोमा सवार सोही स्थानका २७ बर्षीय युगल खत्री र २४ बर्षीय शंकर लिम्बुलाई नियन्त्रणमा लिएको थियो । नियन्त्रणमा लिएको ५ जनाको सम्बन्धमा थप अनुसन्धान भईरहेको छ ।

## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

*१. कसरी सर्छ कोरोना भाईर?*

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

*२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?*

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

*3. यसबाट बच्न के–के गर्ने ?*

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

धनपालथान गाउँपालिका मोरंग प्रद्रेश नं. १




# घरेलु टोली झापा ११ गोल्डकपको फाइनलमा प्रवेश



बिर्तामोड । घरेलु टोली झापा ११ झापा गोल्डकपको फाइनलमा प्रवेश गरेको छ । शनिबार भएको खेलमा संकटा क्लबलाई २-० अन्तरले हराउँदै झापाले फाइनलको यात्रा तय गरेको हो ।

झापाको जितका लागि विमल घर्ती मगरले २ गोल गरे । उनले खेलको १६औँ र ५८औँ मिनेटमा गोल गरे । १६औँ मिनेटमा विमलले आन्द्रेस नियाको क्रसमा गोल गरेका हुन् । अर्को गोल ५८औँ मिनेट विकास मेरग्लियाको क्रसमा विमलले दोस्रो गोल गरे ।

जितसँगै झापाले फाइनलमा त्रिभुवन आर्मी फुटबल क्लबसँग प्रतिस्पर्धा गर्नेछ । झापा गोल्डकपको फाइनलमा आर्मी र घरेलु टोली झापाको यो चौथो भेट हो । यसअघिको फाइनलम भएका तीनवटै भेटमा आर्मीले जित निकालेको छ ।

झापाले केही अवसर पाए पनि सदुपयोग गर्न सकेन । ५५ औँ मिनेटमा झापाका सत्यम शर्माको फ्रिकिक विपक्षी गोलरक्षक रोहित कार्कीले बचाए । ५८औँ मिनेटमा झापाका देवेन्द्र तामाङको हेडर पोस्ट नजिकबाट बाहिरियो ।

८७औँ मिनेटमा झापाका रुमेश बर्तौलाले गोल गर्न सकेनन् । विशाल राईको पासमा गोलरक्षकसँग वान भर्सेज वान रहेका बर्तौलाले गोल गर्न सकेनन् ।

खेलमा संकटाले बनाएका मुभ विपक्षी टिम खेलाडले विफल बनाए । संकटाले खेलको २३ औँ मिनेटमा गणेश हमालले पेनाल्टी एरियाबाट गरेको प्रहार विपक्षी गोलरक्षक दीपक कार्कीले बचाए ।

३० औँ मिनेटमा संकटाका यानिकले पेनाल्टी बक्सबाट गरेको प्रहार विश्वास श्रेष्ठले बचाए । ३२ औँ मिनेटमा संकटाका कप्तान रवि सिलवालको फ्रिकिक प्रहार विपक्षी गोलरक्षक कार्कीले बचाए ।

८१ औँ मिनेटमा संकटाका दिपेश आलेमगरले पेनाल्टी एरियामा गरेको प्रहार विपक्षी गोलरक्षकले बचाउ गरे ।

खेलको अतिरिक्त समयमा फोडे फोफोनाले गरेको शक्तिशाली प्रहार झापाका गोलरक्षक कार्कीले बचाए ।

शनिबारको खेलको प्लेयर अफ दि म्याच विजयी टोली झापाका विमल घर्तीमगर घोषित भए । उनले नगद ९ हजार ९९९ पाए ।

उनलाई आजका प्रमुख अतिथि राष्ट्रियसभा सदस्य गोपालकुमार बस्नेत, अध्यक्ष विनोद बस्नेत, निवर्तमान अध्यक्ष महेन्द्रकुमार गिरीले नगद तथा ट्रफी प्रदान गरे ।

फागुन २१ गतेदेखि सुरु भएको प्रतियोगिताको फाइनल सोमबार हुनेछ । गोल्डकपको विजेताले विजेताले १२ लाख ५५ हजार र उपविजेताले ६ लाख पाँच हजार रुपैयाँ नगद प्राप्त गर्ने आयोजकका महासचिव गजेन्द्रबहादुर पौडेलले जनाएका छन् ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले एक थान मोटरसाइकल पाउने छन् । उत्कृष्ट गोलकिपर, उत्कृष्ट डिफेन्डर, उत्कृष्ट मिडफिल्डर र उत्कृष्ट प्रशिक्षकलाई नगर २१ हजार रुपैयाँ दिइने आयोजकले जनाएको छ । प्रतियोगिताको सर्वाधिक गोलकर्ताले नगद २५ हजार पाउनेछन् ।

**छोरा छोरीमा भेदभाव नगरौ । छोरा छोरी दुबैलाई अनिवार्य विद्यालय पठाऔं ।**

## हामीकहाँ...

चुहावटमा यसले निकै भूमिका खेलेको छ । सीमित कर्मचारी हरूले निश्चित फर्मबाट नक्सा बनेपछि मात्रै पास गर्छन् भन्ने गुनासो बढ्दै गएको छ ।

स्थानीय तहमा नागरिक स्वयंले सरल र पूर्वानुमानयोग्य परिस्थिति निर्माण गरी नक्सापासको प्रक्रियालाई विश्वस नीय गराउनु ठूलो चुनौती हो । यस क्षेत्रमा व्यवस्थित काम हुन नसक्दा राजस्वको ठूलो हिस्सा राज्यले गुमाइरहेको छ ।

यदि यी र यस्ता काममा सुधार भइदिएको भए अहिलेसम्म काठमाडौं महानगरपालिका र केही ठूला नगरपालिकाहरूले प्रदेश र संघीय सरकारलाई अनुदान दिएर सहयोग गर्नुपर्ने थियो । शासकीय र प्रशासनिक संयन्त्र सुधार नगरेका कारणले त्यो सम्भव हुन सकेन ।

अधिकांश स्थानीय सरकार परनिर्भर छन् भनेर अब चल्नेवाला छैन । किनभने २० वर्षअघि पनि हामीले त्यही भनिरहेका हुन्थ्यौं, अबको २० वर्षपछि पनि त्यही भनिरहेका हुन्छौं । यिनै विषय व्यवस्थापन गर्न नसक्दा जहाँ पनि सरकार टाट पल्टिने अवस्था आउछ ।

अहिले असीमित कर उठाउने अधिकार स्थानीय सरकारसँग छैन । सीमित करका अधिकार मात्रै उसँग छन् । प्रदेश सरकारको अधिकार त करक्षमताका हिसावले करिव १ प्रतिशतमात्रै छ भन्दा पनि फरक पर्दैन ।

स्थानीय तहको अधिकार पनि करक्षमताका हिसावले १० प्रतिशत जति होला । कूल कर संकलनको क्षमताको ८०-९० प्रतिशत संघीय तहमा राखेर हामीले स्थानीय तह आत्मनिर्भर हुन सकेनन् भनिरहेका छौं ।

स्थानीय र प्रदेश तहका सरकारको तुलनामा संघीय सरकारको राजस्वसम्बन्धी अधिकार फराकिलो भएका कारण स्रोतसाधन संघीय तहमा थुप्रिएको हो । त्यही कारणले मात्रै स्थानीय तह सक्षम भएनन् भन्न मिल्दैन ।

अर्कोतर्फ हाम्रो कर संकलन निश्चित क्षेत्रबाट हुन्छ । करको ठूलो हिस्सा उद्योग तथा बजार भएका क्षेत्रबाट उठेको छ । फेरि सबै स्थानीय तह उद्योग र बजार भएका क्षेत्रमा छैनन् । भए पनि उनीहरूले त्यहाँको सबै कर उठाउने अधिकार राख्दैनन् । यी पक्षलाई विचार नगरी स्थानीय सरकारहरू आत्मनिर्भर भएनन् भनेर आरोप लगाइहाल्न मिल्दैन ।

हाल व्यवस्था भएको समानी करणको अनुदान त्यही कारण चाहिएको हो । काठमाडौं महानगरपालिकाको राजस्व उठाउने र खर्च गर्ने एकखालको क्षमता छ भने जुम्लाको चन्दनाथ नगरपालिकाको त्यो क्षमता फरक स्वरुपको छ ।

यी दुईबीच ठूलो खाडल भएपछि राज्यले प्रवर्द्धनका लागि समानीकरण अनुदान पनि सोही अनुसार सूत्रबद्ध गरी दिनुपर्छ । हाम्रो कतिपय नीतिगत व्यवस्थाका कारणले पनि स्थानीय तहहरू आत्मनिर्भर नभएजस्ता देखिएका हुन् ।

बेरुजु भनेको आर्थिक क्षेत्रमा भएको बेथिती चित्रण गर्ने ऐना हो । स्थानीय तहमा हाल देखिएको बेरुजुको चित्रणले आर्थिक अनुशासन र प्रकृयागत कार्यान्वयनमा व्यापक सुधार गर्नैपर्छ भन्ने सन्देश दिन्छ । यो विषयमाथि बहस र छलफल चलाएर घटाउन नै जोडबल गर्नुपर्छ ।

जनताले तिरेको करमाथि प्रश्न उठेमा जवाफ त दिनुपर्छ नै । जनताको चासो र चिन्तालाई हेर्ने एउटा माध्यम लेखापरिक्षण हो । लेखापरिक्षणले देखाएको बेथिती जनताले पनि हेर्न पाउनुपर्छ । त्यो ऐनामा जनताले सरकारलाई हेर्न पाउनुपर्छ ।

स्थानीय तहको सूचनामा सबैको पहुँच भएकाले त्यहाका बेरुजु र अरू बेथिती छिट्टै सतहमा आउँछन् । अनुपात हेर्ने हो भने स्थानीय, प्रदेश र संघीय तहको बेरुजुमा खासै अन्तर छैन । स्थानीय तहमा जति निगरानी र जनताको पहुँच हुने हो भने प्रदेश र संघीय तहमा यस्तो बेरुजु धेरै देखिन सक्छ ।

स्थानीय तहको भ्रष्टाचारको कथा पनि यस्तै हो । यसको आशय स्थानीय तहको भ्रष्टाचार, बेरुजु सबै ठिक छन्, जायज हुन् भन्न खोजेको होइन । अहिलेको बेरुजुको यो चित्रले त भयावह अवस्था देखाएको छ । हामीले आर्थिक अनुशासनका लागि व्यापक रुपमा काम गर्नुपर्छ ।

माथिल्ला तहहरू जनताको निगरानीबाट अलि टाढा भए । तल्लो तह जनताको निगरानीमा छन् । माथिल्लो तहका कतिपय खर्च घटाउन सकिँदैन । त्यसका कारण पुँजीगत खर्चको हिस्सा बढी नदेखिने अवस्था छ ।

अहिलेको आँकडाले स्थानीय तहको वित्तीय अवस्था कमजोर रहेछ भन्ने देखायो । अब क्षमता बढाउनुपर्छ । योजना छनौट र व्यवस्थापनको क्षमता पनि सँगसँगै लैजानुपर्छ । निगरानी संयन्त्र पनि अझै कमजोर रहेछ भन्ने देखियो, सुधार गर्नुपर्छ । यो बहानामा स्थानीय तहलाई कुनै पनि हालतमा निरुत्साहित गर्न हुँदैन ।

२०७४ साल र अहिलेको अवस्था हेर्दा हामी एउटा ठाँउमा चुकेको देखिन्छ । हामीले त्यतिबेला नवनिर्वाचित स्थानीय जनप्रतिनिधिलाई 'तपाईंले आगामी तीन वर्ष र त्यसपछि पाँच वर्षमा जे काम गर्नुहुन्छ । त्यो संस्कारको रुपमा स्थापित हुन्छ ।

त्यसैले वित्तीय र आर्थिक अनुशासनको संस्कार बसाउनुपर्छ' भन्नुपर्ने थियो, तर भनेनौं । त्यतिबेला सञ्चार माध्यम लगायत सबैले 'तिमीहरूमा अधिकार छ, सिंहदरवारको अधिकार अब तिमीहरूले प्रयोग गर्ने हो' भनेर हौस्याउने काममात्रै भयो । पछि कानून र विधी बनाउने बेलामा निचोर्ने काम भयो ।

उनीहरू पहिलो वर्ष निकै रमाए । सुरूमा हौसिएका स्थानीय जनप्रतिनिधिहरू पछिल्लो दुई वर्ष आफै रनभुल्लमा परे । आफ्नो हातमा सिंहदरबार नै आइपरेको भनी रमाएका जनप्रतिनिधिहरूले सुरूमै तीनवटा अभावको सामना गरे ।

कानूनको अभाव भयो, संरचना पनि थिएन । अनि कर्मचारी अभाव अहिलेसम्म कायम छ । योजना कार्यान्वयन गर्न चाहिने यी तीन विषयमा उनीहरू ठोक्किए । यो अवधिमा केही रुपान्तरण भयो । केही सिकाइ भयो ।

२०४९ सालको तुलनामा २०५४ सालमा निर्वाचित जनप्रतिनिधिहरूले निकै राम्रो काम गरेका थिए । त्यो दुवै निर्वाचनमा इमान्दार चरित्र हावी थियो । हामीले २०७४ र ०७९ को निर्वाचनलाई त्यसैगरी तुलना गरेर हेर्न सक्छौं । आगामी निर्वाचनमा जनप्रतिनिधिहरूलाई इमान्दारपूर्वक निर्वाचित हुने वातावरण बनाइदिनु अहिलेको आवश्यकता हो ।

त्यतिबेला र अहिले एउटा फरक छ, त्यतिबेला निर्वाचन सस्तो थियो । अहिले निकै महँगो छ । नेतृत्वमा जान चाहने र जान सहयोग गर्नेको आकांक्षा इमान्दार छ कि छैन भन्ने प्रश्न आउछ । यो भड्किलोपनले कतै हामी गलत बाटोमा जादै त छैनौं ? एकातिर टिकट पाउन नै कठिनाई छ । इमान्दार र सक्षमले टिकट पाए कि पाएनन भन्ने प्रश्न रहन्छ ।

निर्वाचनमा देखिने प्रवृत्तिले स्थानीय तहको वित्तीय जोखिम घट्ने कि बढ्ने भन्ने निर्भर हुन्छ । इमान्दार जनप्रतिनिधिहरू आए भने अबको कार्यकाल सुधारतिर जान्छ भने अन्यथा भएमा अर्कै अवस्था होला । स्थानीय तहमा निगरानी र पारदर्शिता बढेको छ । अझै एक कार्यकाल राम्रो नभए पनि त्यसपछि भने सुधार हुन्छ भन्ने अहिलेका कतिपय जनप्रतिनिधिको दृष्टिकोण छ ।

(स्थानीय तहको वित्तीय विषयमा रुची राख्ने उपसचिव शिवाकोटी हाल सार्वजनिक खरिद अनुगमन कार्यालयमा कार्यरत छन् ।) अनलाईन खबरबाट